## ६७औं नगरकार्यपालिका बैठकको निर्णयहरु/ मिति २०७७|०४|२५

**निर्णय नं. १** गैंडाकोट नगरपालिकाको कार्यालयका तर्फबाट आर्थिक वर्ष २०७६/०७७ को अवधिमा संचालन गरेका विभिन्न कार्यक्रमहरुको वार्षिक प्रगति समिक्षा गरियो । साथै आर्थिक वर्ष २०७६/०७७ मा कार्यालयका तर्फबाट भएको देहाय बमोजिमको आम्दानि तथा खर्चको विवरणलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** लोकसेवा आयोगबाट भएको सिफारिस बमोजिम गैंडाकोट नगर कार्यपालिकाको कार्यालयमा स्थायी नियुक्ति भएका कर्मचारीहरुको सम्पादित कामको मुल्यांकन लागि देहाय बमोजिमको वार्षिक कार्य सम्पादन मुल्यांकन फारम स्वीकृत गरि कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं. ३** गैंडाकोट नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को लागि निर्माण सामाग्री, ज्याला, भाडा महसुलको स्थानीय न्युनतम दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** यस गैंडाकोट नगरपालिका अन्तर्गतका

क) नारायणी नदि : गैंडाकोट न.प. वार्ड नं- ७ (खण्ड क)

ख) नारायणी नदि : गैंडाकोट न.प. वार्ड नं -९ (खण्ड ख)

ग) मगर खोला (महिसब खोला) : गैंडाकोट न.पा. वार्ड नं. -१८ र

घ) भोक्रे खोला : गैंडाकोट न,पा. वार्ड नं. -३

खोला/नदिबाट नदीजन्य पदार्थ उत्खनन,संकलन तथा बिक्री वितरण गर्न प्रारम्भिक वातावरणीय परीक्षण (**IEE**) प्रतिवेदन तयार गर्ने कार्य अघि बढाउन "ढुंगा, गिट्टी बालुवा,बिक्रि तथा ब्यबस्थापन सम्बन्धि मापदण्ड-२०७७" बमोजिम कार्यसूची स्वीकृत गर्ने निर्णय गरियो । साथै विभिन्न कारणबाट हाल सम्म बिक्री हुन नसकेको गैंडाकोट-३, महेश्वर खोलामा मौज्दात रहेको नदीजन्य पदार्थ बिक्रि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ५** यस नगरपालिकामा बैदेशिक रोजगारीमा गएका व्यक्ति र नेपालमा रहेका निजका घरपरिवारका सदस्य समेतलाई लक्षित गरेर चालु आ. व. २०७७/०७८ मा संचालन गरिने संघीय सरकार शसर्त अनुदान तर्फको सुरक्षित आप्रवाशन परियोजना संचालन गर्नका लागि हिमालयन सामुदायिक विकाश मञ्च मार्फत संचालन गर्ने गरि सम्झौता नविकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** कोरोना भाइरस संक्रमणको जोखिम न्यूनीकरण गर्न गरिएको बन्दाबन्दिका कारणले समस्यामा परेका व्यक्तिहरुलाई राहात वितरण गर्न ,आवश्यक स्वास्थ्य उपकरण तथा औषधि उपचार गर्न र अन्य मुलुकबाट आएका व्यक्ति बाट हुन सक्ने संक्रमण जोखिम न्यूनीकरणका लागि संचालनमा ल्याईएका क्वारेन्टाइन व्यवस्थापनमा देहाय बमोजिम भएको खर्च रकम मध्य भुक्तानी भइसकेको रकमलाई खर्च समर्थन गर्ने र भुक्तानी गर्न बाँकी रकम कार्यालयमा रहेको दैवी प्रकोप उद्दार विशेष कोष खाताबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ७** कार्यालयको कम्प्युटर अपरेटर ( सहायक पाँचौ तह) मा विगत २०६९/१/१० देखि निरन्तर रुपमा कार्यरत रही आउनु भएका श्री एकराज सुवेदीको कार्यसम्पादन स्तर अत्यन्त उत्कृष्ट रही आएको र राम्रो कार्य गर्ने कर्मचारीको मनोबल उच्च बनाउदै निजबाट सम्पादित कामको गुणस्तर वृद्धिलाई निरन्तरता दिन शान्दर्भिक हुने हुन्छ । प्रथम नगर सभाबाट नगरपालिकामा कम्प्युटर अपरेटरको दरबन्दी समेत स्वीकृत भइसकेको सन्दर्भमा प्रचलित कानुन बमोजिम सरकारी सेवाका लागि योग्य भए सम्मका लागि उक्त तहलाई तोकिएको न्यूनतम पारिश्रमिक (नगरपालिकाको सोही तहका कर्मचारीहरुले थप भत्ता पाउने भएमा सो समेत भुक्तानी गर्ने गरी) पाउने गरी कम्प्युटर अपरेटर श्री एकराज सुवेदीको करार सेवालाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ८** गैंडाकोट नगरकार्यपालिकाको कार्यालयको आर्थिक वर्ष ०७५/०७६ को महालेखा परिक्षकको कार्यालय, काठमाण्डौंवाट प्राप्त अन्तिम लेखापरीक्षणको प्रतिवेदनको दफा ३० मा उल्लेखित गत वर्षको भुक्तानीः खर्च भुक्तानी गर्दा श्रेस्तासाथ खर्चको प्रमाण र पुष्ट्याई हुने प्रयाप्त कागजात संलग्न गरी मितव्ययी तवरले खर्च लेख्नुपर्नेमा नगरपालिकाले भुक्तानी वाँकीको कच्चावारी प्रमाणीत वेगर गत वर्षको जनप्रतिनिधीको तलव यस आ.व. को मिति २०७५/०४/२८ भौ.नं. ३ वाट भुक्तानी दिएको रकम नियमित नदेखिएको रु. ९५,१६,६००।- लेखिएकोमा गण्डकी प्रदेश, आन्तरीक मामिला तथा कानुन मन्त्रालयवाट मिति २०७५/०१/२४ गते स्थानीय तहका पदाधीकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन पारित भएको र आ.व. ०७४/०७५ मा पदाधिकारीको सेवा सुविधामा प्रयाप्त रकम विनियोजन नभै आ.व. ०७५/०७६ को तेस्रो नगरसभावाट न.पा. को आन्तरीक श्रोतवाट रकम विनियोजन गरी आ.व. ०७५/०७६ मा पदाधिकारी सेवा सुविधाका सम्बन्धमा गण्डकी प्रदेशले तोकेको कानुन र मिति २०७५/०३/२९ गतेको ३० औं नगर कार्यपालिकाको निर्णय नं. १ अनुसार भुक्तानी गरिएको हुँदा नियमित नदेखिएको भनी उल्लेख भएको उक्त रकम रु. ९५,१६,६००।- प्रचलित नियम अनुसार नै खर्च भएकाले सम परिक्षण मार्फत वेरुजुवाट हटाउन सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं. ९** गण्डकी प्रदेशका तर्फबाट मिति २०७७/०३/२६ गते प्रकाशित गाउसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धमा व्यवस्था गर्न वनेको ऐ २०७६ अनुसार आर्थिक वर्ष ०७६/०७७ मा भुक्तानी गर्नुपर्ने पदाधिकारीको कानुन अनुसारको सेवा सुविधा वापतको रकम आर्थिक वर्षको अन्त्य, पदाधिकारीको सेवा सुविधामा छुट्टाएको बजेट अपुग तथा कार्यपालिकावाट सेवा सुविधा लिने/दिने निर्णय नभै सकेकाले भुक्तानी हुन नसकेकोमा आर्थिक वर्ष ०७६/०७७ को २०७६ असोज १ देखी २०७७ आषाढ मसान्त सम्मको भुक्तानी दिन वाँकि रकम र आर्थिक वर्ष ०७७/०७८ मा जनप्रतिनिधिहरुले नियमानुसार पाउने सेवा, सुविधा वापतको रकम मा गण्डकी प्रदेशको गाउसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन को दफा ३, ४, ५, ६, ७, ८, ९ र १० सँग सम्वन्धित अनुसुचि ख (अ) मा तोके अनुसारको सेवा सुविधा गैंडाकोट नगरपालिकाका पदाधिकारी तथा सदस्यहरुले भुक्तानी लिने/दिने निर्यण गरियो।

गैंडाकोट नगरपालिका